
# श्रम तथा रोजगार बुलेटिन

# Labour and Employment Bulletin





श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको प्रकाशन

वर्ष : ५, अंक १, श्रावण २०७९



संरक्षक

**श्री एकनारायण अर्याल**
*सचिव*

सम्पादन मण्डल

**श्री रामचन्द्र ढकाल**
*सहसचिव- संयोजक*

**श्री दिपेन्द्र पौडेल**
*उपसचिव- सदस्य*

**श्री विष्णु लामिछाने**
*उपसचिव- सदस्य*

**श्री सुवासचन्द्र शिवाकोटी**
*उपसचिव (लेखा)*

**श्री नरबहादुर चन्द**
*शाखा अधिकृत*

**श्री गगन सिंह विष्ट**
*शाखा अधिकृत- सदस्य-सचिव*



प्रकाशक

**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सरु क्षा मन्त्रालय**
**सिंहदरवार, काठमाडौं**



**Website: www.moless.gov.np**
**Email: info@moless.gov.np**
फोन नं.: ४२११९९१, ४२११६७८, ४२११७३३
फ्या क्सः ९७७–१–४२११८७७


## सम्पादकीय

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट मुख्य गरी वैदेशिक रोजगारी व्यवस्थापन, आन्तरिक रोजगारी प्रवर्द्धन, असल श्रम सम्बन्धको स्थापना तथा सामाजिक सुरक्षासँग सम्बन्धित क्रियाकलापहरु सम्पादन हुँदै आएका छन् । मन्त्रालयका कार्यक्षेत्रहरुमा केन्द्रित रही सम्पादन भएका क्रियाकलापहरुका बारेमा सरोकारवालाहरु समक्ष जानकारी उपलब्ध गराउन मन्त्रालयबाट त्रैमासिक बुलेटिनहरु प्रकाशित हुँदै आएको छ ।

सुशासन (संचालन तथा व्यवस्थापन) ऐन, २०६४ तथा सूचनाको हक सम्बन्धी ऐन, २०६४ समेतले सार्वजनिक प्रशासनलाई खुला, पारदर्शी, नागरिकप्रति जवाफदेही तथा जिम्मेवार बनाउने कुरालाई जोड दिएको छासार्वजनिक निकायबाट सम्पादन भएका क्रियाकलापका बारेमा सरोकारवालाहरुलाई सुसूचित बनाउने, सम्पादित काममा पारदर्शीता कायम गर्ने तथा नागरिकको सूचनामा सहज पहुँच स्थापित गराउने एक महत्वपूर्ण माध्यमका रुपमा सार्वजनिक निकायबाट प्रकाशित हुने जानकारीमूलक बुलेटिनलाई लिने गरिन्छ । मन्त्रालयले सम्पादन गरेका क्रियाकलापका बारेमा पारदर्शी रुपमा जानकारी उपलब्ध गराई सुशासन प्रवर्द्धनमा टेवा पुर्याउने उद्देश्यले विगतमा झैं गत आर्थिक वर्ष २०७८/०७९ को चौथो त्रैमासिकमा भए गरेका कामहरु समेतलाई समेटेर यो **श्रम तथा रोजगार बुलेटिन वर्ष ५, अंक १** प्रकाशन गरिएको छ । बुलेटिनमा मुख्य गरी गत आर्थिक वर्ष २०७८/०७९ को बैशाख महिनादेखि असाढ मसान्तसम्मको अवधिमा मन्त्रालय तथा मातहतका निकायबाट सम्पादित क्रियाकलाप एवं गतिविधिहरुको जानकारीको साथै यस अङ्कवाट वुलेटिनमा श्रम सम्बन्धि विशेष लेख समेत समावेश गरिएको छ ।

बुलेटिनको प्रकाशनबाट मन्त्रालयले सम्पादन गरेका कार्यहरुको बारेमा सहज रुपमा जानकारी उपलब्ध हुनुका साथै मन्त्रालयबाट सम्पन्न हुने क्रियाकलापलाई पारदर्शी र जनमुखी बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ। बुलेटिन तयारी कार्यमा संलग्न सबैलाई सम्पादन मण्डल आभार प्रकट गर्दछ ।

धन्यवाद !

# वैदेशिक रोजगारीको अवस्था र सेवाप्रवाहमा भएका सुधार



**रमेश अर्याल**

*कार्यालय प्रमुख, वैदेशिक रोजगार कार्यालय*

## १. विषय प्रवेश

सरकारी र निजी क्षेत्रले सबैलाई स्वदेशमा रोजगारी दिन सक्ने अवस्था नभएकोले नेपालका अधिकांश व्यक्ति वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यता छ। फलस्वरुप प्रत्येक वर्ष लाखौंको संख्यामा नेपाली युवा खाडि र मलेसिया लगायतका देशमा कामका लागि विदेशिएका छन्। वैदेशिक रोजगारीमा गएका नेपालीले पठाएको रेमिट्यान्सबाट मुलुकको अर्थतन्त्र धानिएको छ। आर्थिक वर्ष २०७८-७९ मा १० खर्ब ७ अर्ब रुपैया भित्रिएको रेमिट्यान्स कुल गार्हस्थ्य उत्पादनको अनुपातमा करिब २१ प्रतिशत छ। रेमिट्यान्सले वैदेशिक मुद्रा आर्जन तथा शोधनान्तर स्थितिमा सहयोग पुगी अर्थतन्त्रलाई ढाडस दिएको छ। शिक्षा, स्वास्थ्य, पोषण, आवास तथा स्थानीय आय आर्जनमा योगदान पुगी गरिबी घटाउने प्रमुख कारण वैदेशिक रोजगारी बनेको छ। वैदेशिक रोजगारको क्षेत्रलाई सुरक्षित, मर्यादित र व्यवस्थित गर्न श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट पछिल्लो समयमा धेरै सुधारका काम भएका छन्। मन्त्रालय र मातहतका निकायबाट सूचना प्रविधि मार्फत छिटो, छरितो, पारदर्शी र सेवाग्राहीमैत्री प्रवाह हुने सेवाप्रवाह हुँदै आएको छ।

## २. वैदेशिक रोजगारीको अवस्था

नेपाल सरकारले संस्थागत रुपमा १११ देशहरुलाई वैदेशिक रोजगारीको लागि खुला गरेकोमा हाल अफगानिस्तान, इराक र लिवियामा रोक लगाइएको छ। व्यक्तिगत रुपमा वैदेशिक रोजगारीमा जाने प्रयोजनका लागि भने १७८ देशहरु खुला छन्। २०७९ साउन महिनको तथ्यांक अनुसार दैनिक २ हजार भन्दा बढी युवाले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएका छन्।

आर्थिक वर्ष २०५०/५१ मा श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जाने ३ हजार ६०५ जना थिए। भारत बाहेक अन्य देशमा हालसम्म दोहोराएर जाने समेत गरी करिव ७५ लाख जनाको श्रम स्वीकृति जारी भएको छ। अहिले पनि करिब ३५ लाख नेपाली विदेशमा कार्यरत रहेको अनुमान छ। अझ श्रम स्वीकृति नलिएर भिजिट भिसा र विद्यार्थी भिसामा विदेश गएर काम गर्नेको संख्या जोड्ने हो भने यस्तो संख्या ठूलो हुन्छ। यद्यपि राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार २१ लाख ७० हजार व्यक्तिहरु नेपालको परिवारबाट अनुपस्थित भई विदेशमा बसोबास गरेका छन्।

आर्थिक वर्ष २०७७/७८ मा कोभिड १९ महामारीका कारण श्रम स्वीकृति लिने नेपालीको संख्या १ लाख ६६ हजार ६९८ भएकोमा आर्थिक वर्ष २०७८/७९ मा ६ लाख ३० हजार ९७ पुगेको छ। यस अघि आर्थिक वर्ष २०७३/७४ मा ६ लाख ४३ हजार र आर्थिक वर्ष २०७२/७३ मा ६ लाख ४१ हजार श्रम स्वीकृति जारी भएको थियो। अहिले वैदेशिक रोजगारीले पुरानै लय लिएको छ। कोभिडका कारण पछिल्ला २ वर्ष मलेसियाले कामदार लैजान रोकेकोमा हाल लैजान सुरु गरेसँगै मलेसिया जानेको संख्या बढ्न थालेको छ र वैदेशिक रोजगारीमा जानेको संख्या आगामी दिनमा अझ बढ्ने देखिन्छ।

चालु आर्थिक वर्ष २०७९/८० को साउन महिनामा श्रम स्वीकृति लिने नेपालीको संख्या ६३ हजार ४२ पुगेको छ। गत आर्थिक वर्षको साउन महिनामा २५ हजार ४२८ नेपालीले श्रम स्वीकृति लिएका थिए। साउन महिनामा सबै भन्दा बढी मलेसियाको लागि २४ हजार ४८४ श्रम स्वीकृति जारी भएको छ। कतारमा १२ हजार ५७०, संयुक्त अरब इमिरेट्समा ८ हजार १४०, साउदी अरेबियामा ६ हजार ७०५ र कुवेतमा ४ हजार २८४ श्रम स्वीकृति जारी भएको छ। यी ५ देशले मात्रै कुल श्रम स्वीकृतिको ९० प्रतिशत हिस्सा ओगटेका छन्। कुल श्रम स्वीकृति लिने मध्ये पुन: श्रम स्वीकृति लिने अर्थात दोहोराएर जाने ३२ प्रतिशत छन् भने पहिलोपटक जाने ६८ प्रतिशत छन्। आर्थिक वर्ष २०७८/७९ मा दोहोराएर जाने ४५ प्रतिशत थिए। श्रम स्वीकृति लिने मध्ये करिब १० प्रतिशत महिला छन्। जिल्लागत आधारमा हेर्ने हो भने धेरै श्रम स्वीकृति लिने जिल्लाहरु क्रमश: धनुषा, सिरहा, महोत्तरी, झापा र मोरङ छन्। वैदेशिक रोजगारीमा गएका मध्ये करिव दुईतिहाई अदक्ष छन्।

## ३. सेवाप्रवाहमा भएका सुधार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले श्रमिक पहिला भन्ने मान्यता लिएर श्रमिकमैत्री कामहरु गर्दै आएको छ। चर्को व्याजमा ऋण लिएर कामका लागि विदेशिन बाध्य श्रमिकहरुको हकहितलाई ध्यानमा राखेर मन्त्रालय र मातहतका निकायबाट थुप्रै सुधारका कामहरु भएका छन्। वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (FEIMS) मा सुधार गरेर वैदेशिक रोजगारमा जाने व्यक्तिलाई विना झन्झट आधुनिक प्रविधि मार्फत सहज र सरल तरिकाबाट श्रम स्वीकृति प्रदान हुन थालेको छ। श्रमिकहरुले भोग्नु परेका समस्या समाधान गर्न मन्त्रालयमा कल सेन्टर स्थापना गरी २४ सै घण्टा गुनासा सुन्ने र प्राप्त गुनासाहरुलाइ तुरुन्त सम्बोधन गर्ने काम भएको छ। मन्त्रालय र मातहतका निकायबाट प्रदान गरिने सेवाको गुनासो, समस्या लगायतका विषयमा माननीय मन्त्रीज्यू साक्षात्कार हुनु

भई समाधानका लागि मातहतका निकायलाई निर्देशन दिने गरी प्रत्येक आईतवार १ घण्टा श्रमिकसँग श्रममन्त्री कार्यक्रम सञ्चालनमा आएको छ।

श्रमिकहरूको हकहितलाई ध्यानमा राखी नयाँ श्रम गन्तव्य मुलुकको खोजी र श्रम सम्झौताको नवीकरण गर्ने कार्य अगाडि बढेको छ। बेलायतमा शून्य लागतमा स्वास्थ्यकर्मीहरुलाई रोजगारी प्रदान गर्ने सम्बन्धी समझदारीपत्रमा नेपाल सरकार र बेलयायत सरकार बिच हस्ताक्षार भएको छ। सरकारी प्रकृयाबाट दक्षिण कोरिया र इजरायलमा कोभिडका कारण जान रोकिएका श्रमिकहरु जान लागेका छन्। वैदेशिक रोजगारीमा हुने ठगी नियन्त्रणका साथै राहत तथा उद्धार कार्यलाई प्रभावकारी वनाउन, गुनासोलाई तत्काल निराकरण गर्न र्‍यापिड रेस्पोन्स टिमको गठन भएको छ। वैदेशिक रोजगारसम्बन्धी समस्या हेर्ने गरी छुट्टै प्रहरी युनिटको व्यवस्था भएको छ। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा रहेको श्रम डेस्क हटेको छ र विमानस्थलमा श्रमिकहरू निश्चित द्वारबाट मात्र प्रवेश गर्नुपर्ने बाध्यताको अन्त्य भएको छ।

वैदेशिक रोजगार व्यवसाय संचालन गर्ने इजाजतपत्रवाला संस्था तथा अभिमुखीकरण तालीम प्रदान गर्ने इजाजतपत्रप्राप्त संस्थाहरुको अनलाइन प्रणाली मार्फत इजाजतपत्र नवीकरण हुन थालेको छ। स्वदेश वा विदेशमा रोजगारीको अवसर खोजी गर्ने (Job Seekers) र सीपयुक्त जनशक्ति खोजी गर्ने रोजगारदाता (Employers) लाई सहयोग गर्न रोजगार विनिमय बजार साइटको निर्माण गरी प्रयोगमा आएको छ। भैरहवाबाट समेत २०७९ असार १ गतेदेखि श्रम स्वीकृति प्रदान गर्ने कार्यको सुरुआत भएको छ। वैदेशिक रोजगारीमा जाने श्रमिकको हकहितको लागि औषधी उपचार वापत प्राप्त गर्ने रकम सिधै उपचारत अस्पतालमा अनलाइन मार्फत भुक्तानी हुने गरी काम भएको छ। वैदेशिक रोजगार बोर्डवाट विदेशमा मृत्यु भएका श्रमिकका परिवारले पाउने राहत, वीमा लगायत प्राप्त गर्ने रकम पिडितको बैंक खातामा जम्मा हुने प्रवन्ध भएको छ।

वैदेशिक रोजगार नीति, २०६८, वैदेशिक रोजगार ऐन, २०६४ लगायतका नीति तथा कानूनलाई समसामयिक परिमार्जन गर्ने कामको सुरुवात भएको छ। वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिले वैदेशिक रोजगारीको क्रममा आर्जन गरेको पूँजी, सीप, प्रविधि र अनुभवलाई नेपालमा नै उद्यमशीलताको विकास र सीपको प्रवर्द्धनमा उपयोग गराउन पुन: एकिकरण कार्यक्रम सञ्चालन र व्यवस्थापन निर्देशिका, २०७९ स्वीकृत भई कार्यान्वयनमा आएको छ। वैदेशिक रोजगार विभाग र कार्यालयबाट सञ्चालन हुने सेवाहरूलाई सरलीकरण गर्न कार्यसञ्चालन कार्यविधि२०७९ तर्जुमा गरी कार्यान्वयन भएको छ। यस कार्यविधिमा श्रम स्वीकृतिका लागि आवश्यक कागजात र प्रकृयाका बारेमा उल्लेख भएको छ।

## ४. अनलानबाट श्रम स्वीकृति अगाडि र पछाडिको अवस्था

श्रम, रोजगार र सामाजिक सुरक्षा मन्त्रालयका सचिवज्यूले फेसलेस, पेपरलेस र क्यासलेस सेवाप्रवाहको नीति कार्यान्वयन गर्न निर्देशन दिनु भएसँगै वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणालीमा सुधार गरी अनलाईनबाट मात्रै श्रम स्वीकृति जारी हुन थालेको छ। सुरुवाती चरणमा यसको कार्यान्वयनको लागि कर्मचारीहरु र सरोकारवालाहरुसँग छलफल गर्दा प्रणालीमा सुधार गरेर भौतिक उपस्थिति विना श्रम स्वीकृति जारी गर्न गाह्रो हुन्छ भन्ने भनाई आएको थियो भने प्राविधिकहरुबाट पनि भौतिक उपस्थिति विना पूर्ण अनलाइन तत्काल सम्भव हुदैन, पछि व्याक हुनु भन्दा यही सिस्टम अनुसार नै काम गर्न उपयुक्त हुन्छ, जोखिम नलिने कि भन्ने सुझाव आएको थियो। मन्त्रालयको निर्देशनलाई मनन गर्दै कोभिडको समयमा सूचना प्रविधिको प्रयोग गरेर फेसलेस श्रम स्वीकृतिको विकल्प छैन, प्रणालीमा सुधार गर्दा पनि सकिएन भने पुरानै प्रणालीमा फर्कौला तर सुरुवात त गर्नैपर्छ भन्ने लाग्यो। वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (FEIMS) मा गर्नुपर्ने सुधारका सुझावहरु सूचना प्रविधि शाखालाई जानकारी गराई सो अनुसार प्रणालीमा सुधार गर्न अनुरोध गर्‍यौं।

सबै काम एकै पटक गर्दा प्रणालीमा समस्या हुन सक्ने र चरणवद्ध रुपमा गर्दा तत्काल कुनै समस्या देखिए समाधान गर्दै जान सकिने भएकोले चरणवद्ध रुपमा प्रणालीमा सुधार गर्दा उपयुक्त हुने ठान्यौं। कार्यालयमा सबैभन्दा बढी भीड पुन: श्रम स्वीकृतिको हुने भएकोले सुरुमा यसलाई अनलाइनबाट गर्दा राम्रो सन्देश जाने र अन्य श्रम स्वीकृति पनि अनलाइनबाट हुदैछ भन्ने भईसकेपछि प्रणालीप्रतिको विरोध विस्तारै कम हुँदै जान्छ भन्ने लाग्यो। फलस्वरुप २०७८ माघ २ गतेबाट पुन: श्रम स्वीकृति अनलाईनबाट मात्र जारी गर्ने सूचना प्रकाशन गरी तोकिएको मितिमा माननीय मन्त्रीज्यू र सचिवज्यूको समुपस्थितिमा कार्यक्रम गर्‍यौं। पहिलो दिनमा नै ९१५ जनालाई अनलाइनबाट पुन: श्रम स्वीकृति प्रदान भएसँगै कार्यालयको सेवाप्रवाह सम्बन्धमा सकारात्मक चर्चा भयो। यसपछि चरणवद्ध रुपमा २०७९ वैशाख २ गतेबाट संस्थागत श्रम स्वीकृति र २०७९ जेठ ६ गतेबाट नयाँ व्यक्तिगत श्रम स्वीकृति अनलाईन प्रणालीबाट दिन सुरु गरेसँगै सबै किसिमका श्रम स्वीकृति अनलाइनबाट मात्र हुँदै आएको छ।

सूचना प्रविधिको माध्यमबाट श्रम स्वीकृतिको सबै काम अनलाइन प्रणालीबाट मात्र हुने व्यवस्थासँगै सेवाप्रवाह छिटो, छरितो र पारदर्शी रुपमा गुनासो रहित हुन थालेको छ। सेवाप्रवाहका ४ चरण घटाई २ चरण कायम गरिएको छ। यसले गर्दा काम छिटो छरितो भएको छ र थोरै कर्मचारीबाट काम भएको छ। First In First Out (FIFO) आधारमा सेवाप्रवाह गर्ने व्यवस्था गरिएको छ जसले गर्दा सेवाग्राहीको काम क्रमैसँग भएको छ। कुनै सेवाग्राहीको कागजात अपुग भएमा म्यासेज पठाएर थप विवरण अनलाईनबाटै मगाउने गरिएको छ। सेवाग्राहीका गुनासाहरु तथा समस्याको समाधानका लागि छुट्टै फोन र कर्मचारीको व्यवस्था गरी इमेलबाट समेत सेवाग्राहीका गुनासा र जिज्ञासाको समाधान गर्ने व्यवस्था मिलाएको छ। सबै

कर्मचारीहरु भाइवर ग्रुपमा जोडिएर सूचना आदानप्रदान गर्ने र कहिलेकाही हवाई टिकटका कारण अपझ्र्‍ट सेवा दिनु परेमा अनलाइनबाट Flexi Time (off hour) मा समेत श्रम स्वीकृति दिने व्यवस्था मिलाई श्रम स्वीकृति नभएको कारण हवाइ टिकट खेर जाने समस्या हटेको छ।

अनलाइनबाट मात्र श्रम स्वीकृति हुनुभन्दा पहिले सेवाग्राहीको भौतिक उपस्थितिमा मात्रै काम हुने हुँदा कार्यालयमा विहानै देखि भीडभाड हुन्थ्यो। पुन: श्रम स्वीकृतिमा दैनिक १ हजार बढी, संस्थागत श्रम स्वीकृतिमा दैनिक ५ सय र नयाँ व्यक्तिगत र वैधानिकीकरण मार्फतको श्रम स्वीकृतिमा दैनिक ३ सय भन्दा गरी कुल २ हजार बढीको भीड हुने गरेको थियो। सेवाग्राहीसँगै परिवारको मानिसहरु आउँदा यस्तो संख्या अझ बढी हुन्थ्यो। कार्यालय देखि सोल्टीमोडसम्म सेवाग्राहीले भरिएका हुन्थ्ये। कर्मचारीहरुले बिहान देखि रातीसम्म काम गर्नु पर्दथ्यो। नेपाल प्रहरीका ६ जना जनशक्ति लाइन व्यवस्थापन गर्न खटिन्थे। सेवाग्राहीहरुले १० रुँपैयाको हुलाक टिकटलाई ५० रुँपैया सम्म तिरेर निवेदनका साथ कागजात र पासपोर्ट बुझाउने गर्दथे। कतिपयको पासपोर्ट हराउने गर्दथ्यो। सेवाप्रवाह सम्बन्धमा विभिन्न गुनासाहरु सुनिन्थ्यो। टोकन बेचिन्छ भन्ने गुनासो थियो। कार्यालय प्रमुख समक्ष सेवाग्राहीका विलौना र गुनासा मात्र हुन्थे। कार्यालय समय अघिपछि र रातको समयमा समेत सेवाग्राहीले फोन गरेर श्रम स्वीकृति छिटो गरिदिन अनुरोध गर्दथे। विचौलियाहरुले सेवाग्राहीलाई ठग्ने गर्दथे। कार्यालयको नजिकै जापानी र कोरियन राजदूतको निवास भएको र भीड र हल्ला हुने कारण राजदूतहरुले समेत सरकारलाई ध्यानकर्षण गराउने गर्दथे।

अनलाइनबाट मात्र श्रम स्वीकृति प्रदान गरेपछि कार्यालयमा दैनिक हुने दुई हजार बढीको भिड हटेको छ। अहिले सेवाग्राहीको गुनासो सुन्न नपरेको र कर्मचारी समेत समयमै घर जान पाएका छन्। भीडभाडमा कर्मचारीले काम गर्दा तनाव झेल्नुपर्थ्यो र विभिन्न किसिमका रोगहरु लाग्ने सम्भावना हुन्थ्यो। अहिले कर्मचारीले तनाब रहित भएर काम गरेका छन्। हालको विद्यमान दरबन्दी भन्दा कम कर्मचारीबाट पनि काम गर्न सकिने भएको छ। अनलाइनका कारण सेवाग्राहीको लागतमा पनि कमी आएको छ। टोकन पाईएन भन्ने गुनासो छैन। लाईन व्यवस्थापनमा खटिएका नेपाल प्रहरीका जनशक्ति अहिले शान्तिसुरक्षाका काममा अन्यन्त्र खटिएका छन्। बिचौलियाहरु देखिन छाडेका छन्। कार्यालयप्रति विगतमा हेर्ने दृष्टिकोणमा फरक आएको छ। सेवाग्राहीहरु कार्यालय आउन नपर्दा कोभिड महामारीको जोखिम छैन। साथै, सेवाग्राहीहरुले सवारी साधनको प्रयोग गर्न नपरेको र इन्धनमा बचत भई आयात व्यवस्थापन र विदेशी मुद्रा सञ्चितिमा समेत अप्रत्यक्ष सहयोग पुगेको छ।

छिटो, छरितो र पारदर्शी रुपमा गुनासो रहित सेवाप्रवाह हुन थालेसँगै सुशासन र सेवा प्रवाहमा सुधार आएको छ। पुन: श्रम स्वीकृति अनलाइनबाट दिन सुरु गरेसँगै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नेपाल टेलिभिजनमा प्रसारण गर्ने सुशासन सवाल कार्यक्रममा २०७८ साल माघ १८ गते वैदेशिक रोजगार कार्यालयको सेवाप्रवाहमा भएको सुधार सम्बन्धी विशेष कार्यक्रम प्रसारण भएको थियो। सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र नेपाल टेलिभिजनको संयुक्त प्रस्तुतिमा २०७८ माघ २७ गते डिजिटल नेपाल कार्यक्रममा पनि कार्यालयको सेवाप्रवाहलाई कसरी डिजिटलाइज गरी सेवाप्रवाह छिटो, छरितो र मितव्ययी भयो भनी कार्यक्रम प्रसारण भएको थियो। नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान लगायतका तालिम प्रतिष्ठानबाट समेत सेवाप्रवाह सुधारको स्थलगत अवलोकन हुन लागेको छ। विगतमा कार्यालय र कर्मचारीको बारेमा नकारात्मक समाचार छाप्ने र प्रसारण गर्ने सञ्चार माध्यमहरुबाट अहिले सेवप्रवाहमा भएको सुधार सम्बन्धमा प्रचारप्रसार भएको छ। सेवाप्रवाह गर्ने अन्य कार्यालयहरुमा पनि वैदेशिक रोजगार कार्यालयको सेवाप्रवाह जस्तै किन हुन सक्दैन भनी सञ्चारमाध्यम र सामाजिक सञ्जालमा समेत बहस हुन थालेको पाईन्छ।


**विगतको भिडभाड**





**अहिले**













## सञ्चार माध्यममा अनलाईन श्रम स्वीकृति सम्बन्धी केही समाचार




वैदेशिक रोजगारीलाई व्यवस्थित, मर्यादित र भरपर्दो वनाउन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र मातहतका निकायबाट पछिल्लो समयमा सूचनाप्रविधि मार्फत सेवाग्राहीमैत्री सेवाप्रवाह हुन थालेको छ। अनलाइनबाट मात्र श्रम स्वीकृति दिने कामको अहिले चौतर्फी प्रशंसा भएको छ। अनलाइन श्रम स्वीकृतिमा कहिलेकाही राहदानी विभाग र राष्ट्रिय सूचना प्रविधि केन्द्रको सर्भर डाउन हुदाँ श्रम स्वीकृतिको अनलाईन फाराम भर्न समस्या हुने भएकोले उक्त निकायका सर्भर सुचारु हुनुपर्ने देखिन्छ। प्रविधिमा सुधार गर्दा सुरुमा केही असहज र अन्यौलता भएतापनि त्यसमा निरन्तर सुधार गर्दै जानुपर्छ। राजनीतिक र प्रशासनिक नेतृत्वको मार्गनिर्देश, व्यक्तिगत स्वार्थ नराखी टिमवर्कमा काम गर्ने तथा परिवर्तन गर्दा जोखिम लिएर चरणवद्ध रुपमा काम गर्ने हो भने सार्वजनिक प्रशासनमा सुधारका धेरै काम हुने अपेक्षा गर्न सकिन्छ।

## प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन प्रक्रियामा सुधार सम्बन्धी अन्तरक्रिया कार्यक्रम

नेपाल सरकारको आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रमको बुँदा नं. १२० मा "प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सबै तहको स्वामित्व स्थापित हुने गरी पुन:संरचना" र "रोजगारी, सीप विकास र उद्यमशीलतासँग सम्बन्धित कार्यक्रमहरुको प्रभावकारिता अध्ययन गरी एकिकृत रुपमा कार्यान्वयन गर्ने" गरी उल्लेख भएको । यसै सम्बन्धमा आ.व. २०७९/०८० को बजेट वक्तव्यको बुँदा नं. १२७ मा "प्रधानमन्त्री रोजगार कार्यक्रमको ढाँचा परिमार्जन" गर्ने उल्लेख भएको छ। नेपाल सरकारको नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्न प्रधानमन्त्री रोजगार कार्यक्रमको वर्तमान कार्यान्वयन प्रकृयामा परिमार्जन गर्ने सन्दर्भमा स्थानीय तहसंग प्रारम्भिक राय परामर्श गर्न वाञ्छनिय देखिएकोले रोजगारीको हक सम्बन्धी ऐन, २०७५

को दफा १७ बमोजिमको सङ्घीय निर्देशक समितिको अध्यक्ष माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री श्री शेरबहादुर कुँवरको समुपस्थितीमा सुदुरपश्चिम प्रदेशको कैलाली र कञ्चनपुर जिल्लाका स्थानीय तहसंग राय परामर्श लिने उद्देश्यले कैलालीमा यो कार्यक्रम गरिएको छ ।




*(माननीय मन्त्री श्री शेरबहादुर कुँवरज्यूबाट कार्यक्रम उदघाटन गर्नुहुँदै)*

कार्यक्रममा राष्ट्रिय कार्यक्रम निर्देशक तथा सहसचिव श्री डण्डुराज घिमिरेज्यूले अध्यक्षता ग्रहण गर्नु भएको थियो भने प्रमुख अतिथि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका मा.मन्त्री शेरबहादुर कँवरज्यू रहनु भएको थियो । कैलाली र कञ्चनपुर जिल्लाका २२ स्थानीय तहका प्रमुख/उपप्रमुख लगायतका अधिकृतहरू र रोजगार संयोजकहरूको सहभागिता रहेको थियो ।

## दक्ष श्रमिकले अदक्ष श्रमिकलाई दक्ष बनाई विदेशी श्रमिकहरुलाई प्रतिस्थापन योजना गर्ने कार्य कार्यान्वयन गर्ने सम्बन्धी रोजगारदाताहरु संग अन्तरक्रिया कार्यक्रम सम्पन्न

श्रम ऐन, २०७४ को दफा २२ को उपदफा (५) बमोजिम विदेशी श्रमिकलाई काममा लगाउने रोजगारदाताले नेपाली नागरिकलाई दक्ष बनाइ विदेशी श्रमिकलाई क्रमशः प्रतिस्थापन गर्नुपर्ने व्यवस्था रहेको तथा श्रम नियमावली, २०७५ को नियम १२ को उपनियम १(ग) बमोजिम विदेशी श्रमिकको श्रम इजाजत अवधि थप गर्नका लागि विदेशी श्रमिकलाई क्रमशः प्रतिस्थापन गर्दै नेपाली नागरिकलाई दक्ष बनाउन पेश भएको योजनाको प्रगति विवरण पेश गर्नुपर्ने कानूनी व्यवस्था रहेकोछ ।

सोही कार्ययोजना कार्यान्वयन गर्नका लागि श्रम तथा व्यवसायजन्य सुरक्षा विभागले २०७९ आषाढ १७ मा "गैरनेपाली दक्ष नागरिकले नेपाली श्रमिकलाई दक्ष बनाई प्रतिस्थापन योजना तथा कार्यान्वयन गर्ने सम्बन्धी रोजगारदातहरुसँग अन्तरक्रिया कार्यक्रम" गैर नेपाली नागरिक कार्यरत रोजगारदाता संस्थाका प्रतिनिधि, गैर नेपाली नागरिकलाई श्रम स्वीकृति तथा कार्यसहमती दिने कार्यमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा संलग्न विभिन्न मन्त्रालय, विभाग तथा निकायका प्रतिनिधिहरु साथै श्रम इजाजत वा स्वीकृति लिएर कार्यरत विदेशी नागरिकहरुको समेत गरी जम्मा ६४ जनाको उपस्थितिमा श्रम तथा व्यवसायजन्य सुरक्षा विभागवाट १ दिने सचेतना मुलक अन्तरक्रियात्मक कार्यक्रम संचालन गरिएको छ। उक्त कार्यक्रममा प्रतिष्ठान तर्फबाट गैर नेपाली प्रतिस्थापन सम्बन्धी समस्या एवम जटिलताहरु पेश भएको र विभागको तर्फबाट प्रतिस्थापन गर्नका लागि अपनाउनु पर्ने विभिन्न विधिहरुको जानकारी गराईएको थियो। सबै प्रतिष्ठानहरुलाई गैर नेपालीको श्रम इजाजतको लागि माग गर्दा अनिवार्य रुपमा प्रतिस्थापन योजना पेश गर्न र श्रम इजाजत अवधि थप गर्नका लागि प्रतिस्थापन योजनाको कार्यान्वयन अवस्थाको प्रगति विवरण पेश गर्न निर्देशन दिने र प्रतिस्थापन योजना सम्बन्धी कार्यविधिको आवश्यकता रहेको महशुस गरी त्यसको लागि आवश्यक प्रकिया थालनी गर्ने निष्कर्ष निकालियो ।

## व्यवसायजन्य सुरक्षाको क्षेत्रमा उत्कृष्ट व्यवस्थापन गर्ने प्रतिष्ठानहरु पुरस्कृत

हरेक व्यक्ति कुनै न कुनै व्यवसायमा संलग्न रहेको हुन्छन र व्यवसायको प्रकृति अनुसार त्यहाँको व्यवसायिक वातावरण जस्तै उत्पादन, प्रशोधन, परिचालन, भण्डारण आदिमा प्रक्रिया संलग्न कामदारको सुरक्षा तथा स्वास्थ्यमा अल्पकालीन वा दिर्घकालीन हानीकारक असर गर्न सक्ने विभिन्न तत्वहरु विद्यमान हुन सक्दछन् । यसै विषयका सन्दर्भमा श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग र मातहातका कार्यालयहरुले प्रतिष्ठानहरुमा नियमित अनुगमन निरीक्षण गर्ने गर्छ | यही सन्दर्भमा २०७९ आषाढ १६ गते "व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यमा उत्कृष्ट व्यवस्थापन गर्ने प्रतिष्ठानलाई पुरस्कृत गर्ने" कार्यक्रम सम्पन्न गरिएको छ । प्रादेशिक रूपमा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यका क्षेत्रमा उत्कृष्ट व्यवस्थापन तथा अभ्यास गर्ने देहायका प्रतिष्ठानहरूलाई सम्मानपत्र एवं ट्रफी प्रदान गरिएको थियो ।

१) प्रदेश नं. १ रिलायन्स स्पिनिङ्ग मिल्स लिमिटेड, इटहरी, सुनसरी २) मधेश प्रदेशः सूर्य नेपाल प्रा.लि., सिमरा, बारा ३) वागमती प्रदेशः बोटलर्स नेपाल लिमिटेड (कोकाकोला), बालाजु, काठमाडौं ४) गण्डकी प्रदेशः गोरखा ब्रुअरी प्रा.लि., पूर्वी नवलपरासी ५) लुम्बिनी प्रदेशः सि.जि. फुड्स ई.प्रा.लि., बाँसगढी, बर्दिया ६) कर्णाली प्रदेशः मध्यपश्चिम वाटर एण्ड वेभरेज प्रा.लि., विरेन्द्रनगर, सुर्खेत ७) सूदुरपश्चिम प्रदेशः सूदुर फुड इण्डस्ट्रिज, गोदवारी, कैलाली ।

उत्कृष्ट प्रतिष्ठान सम्मान प्राप्त गर्ने प्रतिष्ठानका प्रतिनिधिहरूबाट आफ्नो प्रतिष्ठान कुशल व्यवस्थापनका लागि यस कार्यक्रमबाट थप प्रेरणा एवं जिम्मेवारी बोध भएको विचार व्यक्त गर्नु भयो ।



## व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठानको आ.ब.०७८/७९को चौथो त्रैमासिक अवधिमा सम्पन्न भएका गतिविधिहरु

व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठान भैंसेपाटी ललितपुरबाट चालु आ.व २०७८/७९ को चौथो त्रैमासिक अवधि सम्म सम्पन्न विभिन्न व्यावसायिक तथा सीप विकास तालिम कार्यक्रमहरुबाट २४९९ जनाले तालिम प्राप्त गरेका छन् ।त्यसै गरी EPS प्रक्रियाबाट कोरिया जाने तथा केयर गिभरका रुपमा ईजरायल जाने नेपाली कामदारहरुका लागि पूर्व अभिमुखिकरण तालिम कार्यक्रम (PDOT) अन्तर्गत क्रमशः ३९८४ जना जनालाई तालिम प्रदान गरिएको छ। बजारमा सीपमूलक तालिम सञ्चालन गर्न सक्षम जनशक्ति उत्पादन गर्ने उद्देश्यले प्रतिष्ठानबाट ९४ जनालाई प्रशिक्षक प्रशिक्षण कार्यक्रम ३ समूहमा काठमाडौं, पोखरा र चितवनमा सम्पन्न भएको छ।

निजि क्षेत्रसंगको साझेदारी एवं सहकार्यमा बेरोजगार नेपाली नागरिक लक्षित सीपमूलक तालिम मार्फत रोजगारी सुनिश्चित गर्न तथा सीपमुलक तालिमलाई ब्यवस्थित र प्रभावकारी तवरबाट संचालन गरी रोजगारी सुनिश्चित गर्न आवश्यक समन्वय सहयोग उद्योग संघसँग रोजगारी प्रर्वधन सम्बन्धी १ दिने अन्तरक्रिया सञ्चालन गरिएको।

## श्रम सम्बन्धी विवादको न्यायिक निरुपण बिषयक क्षमता अभिवृद्धि कार्यक्रम सम्पन्न

श्रम सम्बन्धी विवादको न्यायिक निरुपण सुनिश्चित गर्न श्रम विभाग, श्रम कार्यालय वैदेशिक रोजगार कार्यालय समेतका अर्धन्यायिक निकायमा कार्यरत प्रशासनिक २५ जना कर्मचारीलाई कानूनको उचित प्रकृया (Due Process of Law) को जानकारी गराउन श्रम ऐन २०७४ तथा ट्रेड यूनियन ऐन, २०४९ सम्बन्धी मुद्दाहरु सहज र शिघ्र निरुपण गर्न "श्रम सम्वद्ध कानून तथा न्याय सम्बन्धी दुइ दिने क्षमता अभिवृद्धि तालिम" कार्यक्रम २०७९ अषाढ २५ गते सम्पन्न भएको छ।

## सामाजिक सुरक्षा कोषमा सूचीकरण र योगदान रकम संकलन

सामाजिक सूरक्षा कोषबाट हाल सञ्चालनमा ल्याइएका योजनाहरू औपचारिक क्षेत्रभित्र नीजि क्षेत्रलाई मात्र समेटिएकाले अन्य क्षेत्रमा समेत चरणबद्ध रूपमा प्रवेश गर्नु संवैधानिक र कानुनी मार्गदर्शन रहेको देखिन्छ । सामाजिक सुरक्षा योजनाहरूको कार्यान्वयनको अनुभव र परिपक्वतासँगै भविष्यमा सबै क्षेत्रमा सामाजिक सुरक्षा योजनाहरू कोषबाटै सञ्चालन हुने योगदानमा आधारित सामाजिक सुरक्षा ऐन २०७५ले पथप्रदर्शित गरेको छ।

सामाजिक सुरक्षा कोषमा सूचीकरण हुनका लागि सम्बन्धित रोजगारदाता सर्वप्रथम सूचीकृत हुनुपर्ने अनिवार्य व्यवस्था रहेको छ । तत् पश्चात् आफू अन्तर्गत श्रम सम्बन्ध कायम भएका सबै श्रमिकहरूको सूचीकरण गर्नुपर्दछ । वि. स.२०७५ मंसिर ११ गते देखि संगठित निजि क्षेत्रका प्रतिष्ठान र श्रमिकहरुलाई सामाजिक सुरक्षा कोषमा सूचिकृत गर्ने र वि.स. २०७६ श्रावण १ देखि योगदान रकम संकलन गर्ने कार्य निरन्तर रुपमा अगाडी बढिरहेको छ ।आर्थिक वर्ष २०७८/७९ को अन्त्यसम्म सूचीकृत हुने प्रतिष्ठान सूचिकृत प्रतिष्ठानहरुको संख्या १७ हजार १९२, योगदानकर्ताको संख्या ३,४६,७४४ जना र संकलित योगदान रकमको २१ अर्व ०८ करोड ५२ लाख १५ हजार रुपैयाँ पुगेको छ ।

## मन्त्रालयको पाँच वर्षे रणनीतिक योजनाको मस्यौदा उपर सरोकारवालहरुसँगको अन्तर्क्रिया कार्यक्रम सम्पन्न

मन्त्रालयको पाँच वर्षे रणनीतिक योजनाको मस्यौदा सम्बन्धमा सरोकारवाला निकाय तथा संघ-संस्थाहरूसँग छलफल तथा राय-सुझाव संकलन गर्ने उद्देश्यले सुरक्षित आप्रवान कार्यक्रमसँगको सहकार्यमा २०७९ जेष्ठ २४ गते काठमाडौंमा श्रीमान् सचिव श्री एकनारायण अर्यालज्यूको अध्यक्षतामा छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो।



उक्त कार्यक्रममा सरोकारवाला मन्त्रालय, मन्त्रालय मातहतका विभागीय प्रमुख, रोजगारदाता र ट्रेड युनियनका प्रतिनीधिहरु, आप्रवासी कामदारका संस्था/सञ्जाल, सामाजिक संघ-संस्था, अध्ययन तथा अनुसन्धान संस्थाका प्रतिनिधि, पत्रकार र आप्रवासन विज्ञहरूको सहभागिता रहेको थियो। कार्यक्रममा मन्त्रालयका सहसचिव श्री रामचन्द्र ढकालले मन्त्रालयको पाँच वर्षे रणनीतिक योजनाको मस्यौदामा सरोकारवाला निकायहरूबाट आएका सुझाव समेटी मस्यौदालाई परिष्कृत गर्ने उद्देश्यले २०७९ असार ३ र ४ गते भक्तपुरमा दुई दिवसीय मस्यौदा लेखन गोष्ठी सम्पन्न भयो।

## श्रम तथा रोजगारीसँग सम्बन्धित मुद्दा, चुनौति र सुधारका लागि गर्नुपर्ने कार्यहरू सम्बन्धी क्षमता विकास कार्याशाला सम्पन्न

मन्त्रालय र मातहतका निकायहरुमा अधिकृत र सो भन्दा माथिल्लो तहमा कार्यरत कर्मचारीहरूको नीतिगत कार्यक्षमता विकास गर्ने उद्देश्यले मा. मन्त्री श्री शेर बहादुर कुवँरज्यूको प्रमुख आतिथ्यता र श्रीमान् सचिव श्री एकनारायण आर्यालज्यूको अध्यक्षतामा २०७९ असार २४ र २५ गते श्रम

तथा रोजगारीसँग सम्बन्धित मुद्दा, चुनौति र सुधारका लागि गर्नुपर्ने कार्यहरू विषयक दुई दिवसीय कार्याशाला गोष्ठी सुरक्षित आप्रवासन कार्यक्रमसँगको सहकार्यमा सम्पन्न भएको छ । उक्त कार्यक्रममा मन्त्रालय र मातहतका निकायका कर्मचारीहरूको सहभागिता रहेको थियो।



कार्यक्रममा मन्त्रालयका सचिव श्री एक नारायण अर्यालले Practices and reform in labour, employment and social security in Nepal, सहसचिवहरु श्री दीपक काफ्लेले ILO conventions relating to migrant workers, श्री डण्डुराज घिमिरे र रोजगार विज्ञ श्री युवराज बस्नेतले Convergence Strategy for Domestic Employment, श्री रामचन्द्र ढकालले Action plan of Business & Human Rights, श्री राजीव पोखरेलले Different dimensions of employment management वैदेशिक रोजगार विभागका महानिर्देशक श्री शेषनारायण पौडेलले Labour migration management: national and international practices and experiences, मन्त्रालयका मा.मन्त्रीज्यूका सल्लाहकार डा.श्री केशब बस्यालले Labour diplomacy and governance/ Colombo Process, र सुरक्षित आप्रवासन (सामी) कार्यक्रम सहयोग एकाईका टिम लिडर श्री सीता घिमिरेले SaMi Program and its contribution to labour migration management in Nepal सम्बन्धित विषयक कार्यपत्र प्रस्तुति गर्नुभएको थियो। कार्यक्रममा प्रमुख अतिथी मा. मन्त्री श्री शेर बहादुर कुँवरज्यूले कार्याशाला सफल भएको र यस्ता अन्तर्क्रियाले कर्मचारीहरुको ज्ञान सीप र क्षमता विकासमा महत्वपूर्ण भूमिका रहने विचार व्यक्त गर्नुभयो ।

## सुरक्षित आप्रवासन (सामी) कार्यक्रम अवधिमा सात लाख व्यक्तिहरू लाभान्वित

सुरक्षित आप्रवासन (सामी) कार्यक्रम (तेस्रो चरण- भदौ २०७५-असार २०७९) को समयावधिमा सुरक्षित वैदेशिक रोजगारीको सम्बन्धमा सूचना तथा परामर्श, न्यायमा पहुँच, सीप तालिम, वित्तीय साक्षरता र मनोसामाजिक परामर्श सेवा गरी जम्मा सात लाख बढी व्यक्तिहरू प्रत्यक्षरूपमा लाभान्वित भएका छन्। जसमध्ये ७ लाख ८ हजार ६ सय ६७ जना पुरूष र २ लाख ३१ हजार ७ सय ५६ जना महिला रहेका छन्।

चालु आर्थिक वर्ष २०७९/८० को वैशाख देखि श्रावण सम्मको अवधिमा महिला ९६,६५० जना र पुरूष ८५,२७० जना गरी जम्मा १,८१,९२९ जना सेवाग्राही कार्यक्रमबाट लाभान्वित भएका छन्। जस अन्तर्गत, सूचना तथा परामर्शमा १,१२,२८९ जना, न्यायमा पहुँचमा १,५९३ जना, सीप तालिममा २४८ जना, वित्तीय साक्षरतामा १४३२० जना र मनोसामाजिक परामर्शमा ५३,४७९ जना सेवाग्राहीको संख्या रहेको छ।

## सुरक्षित आप्रवासन (सामी) कार्यक्रमको समयावधि थप

नेपाल सरकार र स्वीस सरकारबीचको द्विपक्षीय सम्झौता भई यस कार्यक्रमको समयावधि दुई वर्ष (श्रावण २०७९-असार २०८१) थप गरिएको छ। कार्यक्रमको समग्र प्रभावकारिताको सम्बन्धमा गरिएको मध्यकालीन समिक्षा तथा मुल्याङ्कन प्रतिवेदन, कार्यक्रम तेस्रो चरणको प्रगति तथा प्रभावकारीताको सम्बन्धमा प्रदेशस्तरमा स्थानीय तहहरूसँग गरिएको छलफल तथा समिक्षा र नवौं कार्यक्रम निर्देशक समितिको बैठकले कार्यक्रमको समयावधि दुई वर्ष थप गर्न सम्बन्धित पक्षलाई सुझाव तथा सिफारिस गरेका थिए। कार्यक्रमको थप समयावधिमा कार्यक्रमले प्रदान गर्ने सेवालाई स्थानीय तहको नीति, योजना र कार्यक्रममा संस्थागतीकरण र तीनै तहको सरकार (संघ, प्रदेश र स्थानीय तह) बीचमा थप सहकार्य र साझेदारी हुने अपेक्षा लिइएको छ। साथै, कार्यक्रमको थप समयावधिमा तनहुँ जिल्लामा भिमाद नगरपालिका, देवघाट गाउँपालिका, बन्दिपुर गाउँपालिका र स्याङ्जा जिल्लाका आधिँखोला गाउँपालिकामा समेत उक्त कार्यक्रम सञ्चालन हुने भएको छ।

## दशौं कार्यक्रम निर्देशक समितिको बैठक सम्पन्न

निर्देशक समितिका अध्यक्ष एवं मन्त्रालयका सचिव श्री एकनारायण अर्यालज्यूको अध्यक्षतामा २०७९ असार २१ गते काठमाडौंमा उक्त समितिको दशौं बैठक सम्पन्न भयो । उक्त बैठकमा कार्यक्रम निर्देशक समितिको नवौं बैठकले गरेको निर्णयको कार्यान्वयन तथा प्रगति, चालू आर्थिक वर्ष २०७८/७९ को हाल सम्मको प्रगति प्रतिवेदन, कार्यक्रमको समयवधि दुई वर्ष थप (Project Extension) र परिमार्जन भएका मुख्य विषयवस्तु, सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७९ को मस्यौदा, आर्थिक वर्ष २०७९/८० को लागि कार्यक्रमको वार्षिक कार्ययोजना (YPO) को सम्बन्धमा छलफल तथा निर्णय गरिएको थियो। विशेषतः कार्यक्रम कार्यान्वयनमा प्रभावकारीता, सहजता र एकरूपता कायम गर्ने उद्धेशयले सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन मार्गदर्शन २०७९ स्वीकृत गरिएको थियो।